हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १९८ पृष्ठ : ४ २०७७ फाल्गुन ०६ गते विहीबार (Thursday 18 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## प्रदेश २ सरकारको 'स्मार्ट' र 'स्याटलाइट' सिटी बनाउने योजना अलपत्र

### लहानलाई 'स्मार्ट' सिटी, गोलबजार र कल्याणपुरलाई 'स्याटलाइट' सिटी बनाउने कार्ययोजना पूरा भएन




लहान । प्रदेश २ सरकार गठन लगत्तै मुख्यमन्त्री लालबाबु राउतले सय दिने कार्ययोजना सार्वजनिक गरे । प्रत्येक जिल्लामा कम्तीमा एउटा स्मार्ट सिटी बनाउने सय दिने कार्ययोजनामा समावेश थियो । स्मार्ट सिटीसँगै स्याटलाइट सिटीसमेत बनाउने प्रदेश सरकारको योजना थियो । योजना घोषणासँगै यसको व्यापक चर्चासमेत भएको थियो । प्रदेशका मन्त्रीहरूले आफ्ना प्राय भाषणमा स्मार्ट र स्याटलाइट सिटीको चर्चा गर्न छुटाएनन् ।

सरकार गठन भएको तीन वर्ष पूरा भयो । तर स्मार्ट सिटी बनाउने योजनाले मूर्त रूप लिन सकेन । प्रमुख सहरहरुको स्तरोन्नति र विकासका लागि ल्याएको ठूलो योजना स्मार्ट सिटी र स्याटेलाइट सिटी बनाउने योजना अलपत्र परेका छन् । सामान्यतः व्यवस्थित र अत्याधुनिक सहरलाई 'स्मार्ट' सिटी भनिन्छ । प्रदेशका प्रमुख सहरहरूलाई भौतिक संरचना, औद्योगिक क्षेत्र, संचार, विद्युत, प्रविधिलगायतका सुविधायुक्त र व्यस्थितगरी अत्याधुनिक बनाउने स्मार्ट सिटीको योजना ल्याएको थियो ।

योजनाअन्तर्गत प्रदेशका धनुषाको जनकपुरधाम, सप्तरीको राजविराज, सिरहाको लहान, पर्साको वीरगञ्ज, बाराको कलैयासहित ५ वटा जिल्लाका प्रमुख ५ सहरलाई समेटिएको थियो । स्मार्ट सिटीमा बनाउँदा बेरोजगारी समस्या समाधान हुनुका साथै लगानीको वातावरणसमेत तयार हुने प्रदेश सरकारको विश्वास थियो । 'स्मार्ट' सिटीमा समेटिन

बाँकी ३ पेजमा

## अस्ताए गोलबजारका अग्रज व्यवसायी राधेश्याम अग्रवाल



गोलबजार । गोलबजारका अग्रज व्यसायी राधेश्याम अग्रवालको ७३ वर्षको उमेरमा आफ्नै निवास गोलबजार नगरपालिका-४ मा निधन भएको छ ।

लामो समयदेखि ब्रेनह्यामरेजबाट पीडित अग्रवालको बुधबार विहान निधन भएको पारीवारीक स्रोतले जनाएको हो ।

विहानको खाजा खाने क्रममा सर्केर बेहोस भएका बुबाको फेरी होस नआएको उद्योग बाणिज्य संघ गोलबजारका अध्यक्ष समेत रहेका उनका कान्छा छोरा भरत अग्रवालले जानकारी दिए । छोरा भरत अग्रवालका अनुसार 'करिव १४ वर्ष अघि ब्रेनह्यामरेजका कारण शारिरीकरूपमा केही कठिनता भएपनि बुवा आफै हिडडुल गर्नुहुन्थ्यो, आज विहानको खाजाखान बसेका बेला एक्कासी बेहोस हुनुभयो । बेहोस भए लगतै घरमै चिकित्सक बोलाएर जचाँउदा मृत्यु भईसकेको रहेछ ।'

गोलबजारको व्यसायीक क्षेत्रमा अब्बल मानिने राधेश्याम अग्रवाल गोलबजार उद्योग व्यापार संघका संस्थापक उपाध्यक्ष समेत हुन् । विभिन्न पेसामा रहेका उनी पछिल्लो पटक सुनचाँदी व्यवसायीमा थिए । उनको व्यवसायमा अहिले कान्छो छोरा सक्रिय छन् । उनको गोलबजारको व्यवसायिक विकासमा उच्च योगदान रहेको छ । अग्रवालको श्रीमती, ३ छोरा र एक छोरी छन् ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाइल :- ९८०११५१४३८

सिटी भनेकै WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
3C Rs. 1,250 | 6C Rs. 2,200
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
"Terms and Conditions Apply"
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

फेब्रुअरी महिना : आयोडिन महिना
मानसिक फूर्ति शारीरिक शक्ति आयोडिनयुक्त नुन
February :Iodine Month
नुन थोरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान

फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## सम्पादकीय

# दाइजो प्रथा अन्त्य गरौं

तराईका जिल्लाका कतिपय समुदायमा छोरीको विवाहमा दाइजो अनिवार्य शर्त जस्तै बनेको छ । परिवारको हैसियतभन्दा पनि केटापक्षले माग गरे अनुसार दाइजो दिएर छोरीको विहे गर्नुपर्ने बाध्यता कतिपय ठाउँमा अझै कायमै छ । दाइजो नल्याएको वा कम ल्याएको बहानामा भएका घरेलु हिंसामा कतिपय महिलाको ज्यान समेत गएका उदाहरण छन् । महिलामाथि संरचनागत हिँसाको रूपमा प्रयोग हुने, दाइजो, दहेज तिलक जस्ता शब्दहरूमा निहीत अवधारणाले महिला विरुद्ध गम्भीर हिँसा हुने गरेकोले दाइजो प्रथा एक विकृतिमात्र नभएर सामाजिक अपराध पनि हो । दाइजो प्रथाविरुद्ध लामो समयदेखि चर्चा–परिचर्चा भइरहेको र देशको कानुनले समेत प्रतिबन्ध लगाए पनि तराई–मधेसमा यो प्रथा अद्यापि कायमै छ । अशिक्षित परिवारमा मात्रै होइन, पढेलेखेका र दाइजो एक कलंक हो भन्ने बुझाइ भएका शिक्षित परिवारमा समेत यसले पीडा दिने गरेको छ । दाइजो नल्याएकै 'अभियोग'मा कहिलेसम्म छोरीबुहारीहरू कुटिनुपर्ने, यातना सहनुपर्ने, आगोमा जल्नुपर्ने या विष सेवन गरेर मर्नुपर्ने हो ? यो राज्यका लागि नै ठूलो चुनौती हो ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ अनुसार दाइजो माग्ने र दाइजोका कारण महिलालाई हैरानी दिनेलाई कडा कारबाहीको व्यवस्था गरेको छ । ऐनमा विवाहमा लेनदेन गर्न नहुने विषय उल्लेख छ । यसअघि दाइजो माग्नेविरुद्ध कारबाहीको व्यवस्था थिएन । ऐन लागू भइसकेको अवस्थामा दाइजो मागेमा वा लेनदेनको सर्त राखेको भेटिएमा ३ वर्षसम्म कैद वा ३० हजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुनसक्ने ऐनमा व्यवस्था छ । वस्तुतः कानूनले निषेध गरेको दाइजो माग्ने कार्य आपराधिक कार्य नै हो । मानव जातिको सदस्यको रूपमा न्यूनतम् रूपमा रहनु पर्ने आफ्नो उत्पत्ति र अस्तित्वको मूल्य मान्यता, गुण र चरित्र समेतको प्रतिकूल केही मानिसले देखाउने यस्तो हिंस्रक प्रवृत्तिलाई राज्यका संयन्त्रसँगै नागरिक समाजका सबै क्षेत्रबाट कडा प्रतिकार गरिनु पर्दछ । त्यसैले यस्तो अपराधमा संलग्नहरूलाई जन्मकैदको सजाय दिलाएर ज्यानमारा दाइजो सदाका लागि अन्त्य गरिनु आवश्यक छ ।

विवाहको समयमा बेहुलीतर्फबाट बेहुला वा बेहुलाका परिवारलाई दिने नगद तथा जिन्सी सरसामान नै दाइजो हो । यसलाई तराई तथा मधेसतिर दहेज पनि भनिन्छ । तराई मधेसका कतिपय ठाउँमा त केटाको पढाइ र जागिरलाई दाइजोको मानकका रूपमा पनि लिइएको पाइन्छ । जति धेरै पढाइ वा जागिरको कमाइ, उति नै धेरै दाइजो 'अझ भन्नुपर्दा नेपालको तराई मधेसका कतिपय ठाउँमा त केटाको पढाइ र जागिरलाई दाइजोको मानकका रूपमा पनि लिइएको पाइन्छ । जति धेरै पढाइ वा जागिरको कमाइ, उति नै धेरै दाइजो' सामान्यतः शिक्षालाई सामाजिक समस्या विवरणका लागि द्योतकका रूपमा लिइन्छ ।

दाइजो प्रथाका नकारात्मक पाटा धेरै छन् जुन विवाहको मगनीको बेलादेखि नै सुरु हुन्छ । किनकि अधिकांश विवाह (विशेषतः तराई मधेस) मा बेहुली पक्षले बेहुला पक्षलाई के के दिनुपर्छ भनेर छिनोफानो हुन्छ । सर्त पूरा भएमात्र विवाह निश्चित हुन्छ । कतिपय अवस्थामा विवाहअघि नै नगद आदि दाइजो दिइसक्नुपर्ने हुन्छ । यसर्थ दाइजो बेहुली पक्षलाई आर्थिक तथा मानसिकरूपमा अत्यन्त बोझिलो सावित हुन जान्छ । कतिपय परिवारले छोरीलाई शिक्षा दिएर सक्षम तुल्याउनुभन्दा पनि विवाहमा दाइजो दिन सम्पत्तिको जोहो गर्न थाल्छन् । अर्थ जुटाउनका लागि कतिपय परिवार आफ्नो पुर्ख्यौली सम्पत्ति बेच्न पनि बाध्य हुन्छन् । दाइजो प्रथाको आर्थिकभन्दा पनि सामाजिक र मनोवैज्ञानिक पाटो अझ विकराल छ । छोरा जन्मँदा खुशी हुने परिवारमा छोरीको आगमन हुँदा दुःखी हुन्छन् । दाइजोका लागि अब जोहो गर्नुपर्ने पनि छोरी जन्मिएकै दिनबाट सुरु हुन्छ । अर्को शब्दमा भन्नुपर्दा छोरीमाथिको लैगिक विभेद गर्भबाटै सुरु हुन्छ ।

त्यसैगरी दाइजोले सामाजिक समस्या एवं विकृति निम्त्याउन पनि ठूलो भूमिका खेलेको छ । यसर्थ आज सबैले भन्नुपर्छ कि दाइजो प्रथा होइन, यो एक कुप्रथा हो । यो एक सभ्य समाजको बाधक हो । यसको निवारणका लागि विभिन्न नियम कानुन नबनेका पनि होइनन् । नेपालको संविधान २०७२ ले महिलालाई आर्थिक, सामाजिक तथा राजनीतिकरूपमा समान हुनुपर्ने परिकल्पना गरेको छ । यसरी लैंगिक समानताको बाटोमा हिँडेको समाजमा विवाहको समयमा भने दाइजो प्रथालाई प्रचलनमा ल्याइनु आफैँमा विरोधाभाष हो । त्यसैले कानुनका पन्नाहरुमा मात्र सीमित नभई व्यवहारमै हामीले दाइजो कुप्रथालाई समाजबाट निराकरण गर्नुपर्ने आजको आवश्यक्ता हो ।

# हरवा चरवाको अवस्था, चुनौती र उत्थानका बिकल्पहरु

**मणिलाल विश्वकर्मा**



### पृष्ठभूमि

दास प्रथा २१ औं शताब्दीमा अमान्य र मानवअधिकार विरूद्धको कार्य भएकाले सम्पूर्ण विश्व सामूहिक रूपमा दास प्रथा अन्त्य गर्न प्रतिबद्ध छ । अमेरिकाका १६ औं राष्ट्रपति अब्राहम लिंकनले सन् १८६३ मा दास प्रथा उन्मूलन घोषणा गर्नु करिब ५७ वर्ष पहिले नै सन् १८०६ मा बेलायतमा पनि दास प्रथा उन्मूलन भएको मानिन्छ । नेपाल पनि त्यसबाट अछुतो थिएन । र त, सन् १९२४ अर्थात् वि.सं. १९८१ सालमा राणा प्रधानमन्त्री चन्द्र शमशेरले दासदासी प्रथा उन्मूलन घोषणा गरेका थिए ।

त्यतिबेला मुलुकका विभिन्न ठाउँमा रहेका ५९ हजार ८ सय ७२ जना दास दासीमध्ये ५१ हजार ७ सय ८२ जना दास दासीलाई सरकारले नगद तथा जिन्सी गरी ३६ लाख ७० हजार खर्च गरेर मुक्त गरेको थियो । त्यही दासदासी प्रथाको अवशेषको रूपमा रहेका मुक्त कमैया, हलिया, कमलरी जस्तै अवस्था भएका पूर्वी र मध्य तराईका हरवा चरवाको अवस्था त झन् कहालीलाग्दो छ । वि.सं. २०२० सालमा लागू गरिएको मुलुकी ऐनले कुनै पनि मानिसलाई उसको मञ्जुरी वा इच्छा बिना काममा लगाउन प्रतिबन्ध लगायो तर व्यवहारमा कार्यान्वयन भएन वा गर्न आवश्यक ठानिएन ।

हरवा चरवा जस्तै अवस्था रहेका कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्लाहरूमा बाँधा तथा बाध्यकारी श्रम शोषणमा पश्चिम नेपालका कमैयाहरूलाई तत्कालीन सरकारले वि.सं. २०५७ साउन २ गते मुक्त घोषणा गर्‍यो । त्यसको वर्ष दिन नपुग्दै सरकारले कमैया श्रम (निषेध) ऐन २०५८ जारी गर्‍यो । उक्त ऐनमा 'कमैया श्रमिक भन्नाले भैंसवार, गैवार, बर्दिकार, छेकरवार, हवा चरूवा, हली, गोठालो, कमलरी वा अन्त यस्तै प्रकारका श्रम गर्ने व्यक्ति भन्ने सम्झनु पर्छ' भन्ने उल्लेख भएपनि ऐनले दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका कमैयाहरूलाई मात्र समेट्यो । ऐनको परिभाषा खण्डमै समेटिएका हरवा चरवाहरू को हुन् भन्ने विषयमा ऐन मौन बस्यो ।

### को हुन् हरवा चरवा ?

पूर्वी र मध्य तराईका जिल्लाहरूमा सामान्य घर व्यवहार चलाउन भूमिहीन परिवारका कसैका बाबु बाजेले गाउँका साहुसँग ऋण लिएर चुक्ता गरेको रहेनछ भने त्यही ऋण चुक्ता गर्न खेतबारी जोत्ने व्यक्ति हरवा र गाईबस्तु चराउने व्यक्ति चरवा हुन् । बाबु बाजेले कति ऋण लिएको र कहिले चुक्ता हुन्छ भन्नेसम्म पनि थाहा नपाउने हरवा चरवाहरू त्यही कारणले पुस्तौं पुस्तादेखि कुनै हिसाब किताब बिना ऋणदाता धनीको खेत जोत्न र गाईबस्तु चराउन बाध्य छन् ।

'मुक्त हरवा, चरवा पुनःस्थापन आयोग गठन आदेश, २०७२' जो कार्यान्वयन नै भएन । त्यसको दफा २ को खण्ड (ङ) ले 'मुक्त हरवा, चरवा' भन्नाले कुनै जग्गाधनीबाट लिएको ऋण वा निजको जमिनमा घर बनाई बसेवापत् त्यस्तो जमिनदार वा जग्गाधनीको घरमा बिना ज्याला वा न्यून ज्यालामा कृषि काम गर्ने श्रमिकलाई हरवा र त्यस्तो जग्गाधनीको घरमा बिना ज्याला वा न्यून ज्यालामा वस्तु भाउ चराउने लगायतका घरायसी काम गर्न बाध्य पारिएका श्रमिकलाई चरवा सम्झनु पर्छ भनी उल्लेख गरेको छ । विशेषगरी हरवा चरवा बाँधा श्रमिक हुन् । उनीहरू बाध्यात्मक रूपमा ऋण बन्धनमा परेर न्यून ज्याला वा ऋणवापत् काम गरिरहेका हुन्छन् । एक्लो ज्यानको कमाई पनि पुर्ख्यौली ऋणवापत् कटौती हुने भएपछि बिहान बेलुकाको छाक टार्न त्यही गिरहतकोबाट अनाज वा थोरैतिनो नगद ल्याउँदा त्यो पनि ब्याज थपिँदै जाँदा ऋणको भारीले उनीहरू उठ्नै सक्दैनन् । आफ्नै माटो नहुँदा तिनको बसोवास या त ऐलानीमा छ या जंगल छेउछाउ वा गिरहत जमिन्दारको निजी जग्गामा ।

### हरवा चरवाको अवस्था

अन्यायपूर्ण श्रम सम्बन्धको कारणले सिर्जित हरवा चरवा प्रथाबाट पीडित हरवा चरवाहरू आफूहरूको माग कसैले सुनुवाई नगरेपछि बिस्तारै संगठित हुन थालेका छन् । सप्तरीमा २०७३ साल कात्तिक ९ र १० गते पहिलो राष्ट्रिय सम्मेलन गरेका हरवा चरवाहरूले २०७७ माघ ९ र १० गते सिरहाको लहानमा दोस्रो राष्ट्रिय सम्मेलन गरी सांगठनिक सुदृढीकरणको कार्ययोजना समेत बनाएका छन् ।

अहिलेसम्म मुलुकमा भएका महत्वपूर्ण राजनीतिक परिवर्तनहरूले उत्पादनको मुख्य साधनको रूपमा रहेको भूमि उर्वर बनाएर अन्न फलाउने हरवा चरवाहरू दुब्लाउँदै गएका हरवा चरवाहरूका लागि न कुनै योजना ल्याइयो, न त कार्यक्रम नै । उनीहरू समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि अझै दासत्वको साङ्लोमा बाँधिएका छन् । सामान्य घर व्यवहारका लागि लिने ऋणको चर्को ब्याज, जातीय भेद्भाव छुवाछूत, शोषण उत्पीडन, सामाजिक अवहेलना जस्ता उत्पीडनबाट मुक्त गरी हरवा चरवाको जग्गाको स्वामित्व कायम गरेसम्म वास्तविक मुक्ति सम्भव हुँदैन ।

हरवा चरवाहरूले ९ र १० माघ २०७७ मा लहानमा गरेको दोस्रो राष्ट्रिय सम्मेलनले हरवा चरवाका नाममा रहेको अनुचित ऋण खारेज गरी मुक्तिको घोषणा, तथ्यांक संकलन, प्रमाणीकरण र परिचय पत्रको व्यवस्था, पुनःस्थापना गर्दा कम्तिमा १० कट्ठा जग्गा प्रदान गरिनु पर्ने माग पुनः दोहोर्‍याउनुले पनि उनीहरूको अवस्था कस्तो छ भन्ने प्रष्ट हुन्छ । सम्मेलनमार्फत् उनीहरूले भूमिहीन, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरू दासत्वको शिकार भइरहेकाले सरकारले हस्तक्षेपकारी भूमिका खेल्नु पर्ने, बाध्यकारी श्रम मुक्त मुलुक घोषणा गरी त्यस्तो श्रम प्रणालीलाई निषेध र दण्डनीय बनाउन एकीकृत कानुन बनाउन माग गरेको सन्दर्भमा अस्थान कहालिलाग्दो नै छ भन्ने पुष्टि हुन्छ ।

♦ व्यक्तिगत (गिरहतको निजी) वा गाउँ ब्लक, ऐलानी, पर्ती जग्गामा बसोवास ।

♦ आर्थिक स्रोत नहुँदा सामान्य कामका लागि पनि गिरहतसँग ऋण ।

♦ हरूवा चरूवा बालबालिकाहरूको विद्यालयबाट बढी बहिर्गमन ।

♦ दण्डहीनता र न्यायिक प्रकृया लामो र झन्झटिलो भएकाले हरवा चररूवा परिवारका महिलाहरू हिंसाबाट प्रभावित हुनु ।

♦ जग्गाको क्षेत्रफल अनुसार वार्षिक रूपमा १६ मनसम्म धान वा तीनदेखि सात कट्ठासम्म कमाएर जग्गा पाउने हरवा चरवाहरू गिरहतको खेतपाती गर्दागर्दै आफूले पाएको जग्गामा खेती गर्न पाउँदैनन् ।

♦ जीविकाका लागि गिरहतकै घरबाट ऋण ल्याएर त्यही ऋण तिर्दातिर्दा नसकेपछि छोरा नातिलाई 'ऋणी' करार गरेर हरवा चरवाहरूको पुस्तौं बितिरहनु ।

### दलित सशक्तिकरण ऐनमा हरवा चरवा

प्रदेश २ मा जातीय भेद्भाव, छुवाछूत पूर्ण रूपमा अन्त्य गर्ने र दलित समुदायको शैक्षिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकार प्रबर्द्धन तथा दलित समुदायको सशक्तिकरण गर्ने प्रदेश सरकारको मन्त्रिपरिषद्ले दलित सशक्तिकरण ऐन २०७५ पारित गरेको थियो । ऐनको परिच्छेद २, ३ (१) मा जातीय विभेद तथा छुवाछूतको घटनाहरूको अध्ययन, अनुगमन तथा जातीय विभेद तथा छुवाछूत कानुनको कार्यान्वयन रेखदेख, नियन्त्रण र सुपरीवेक्षण गर्ने कामका लागि मुख्यमन्त्रीको अध्यक्षतामा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति गठन हुने व्यवस्था छ ।

ऐनको दफा ५ (१) मा गाउँपालिका अध्यक्ष वा नगर प्रमुखको संयोजकत्वमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति गठन, परिच्छेद ३ मा प्रत्येक दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च मा.वि. तहसम्म अनिवार्य र निःशुलक शिक्षाको व्यवस्था गरिने, त्यसका लागि गाउँपालिका र नगरपालिकाले आवश्यक प्रबन्ध मिलाउने भनिएको छ तर त्यसका लागि न नियमावली बनेको छ न त कार्यविधि नै । परिच्छेद ४ अनुसार सामाजिक विकास मन्त्रीको अध्यक्षतामा दलित

*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- श्रमको उचित मुल्यांकन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृष** :- मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजक रहनु होला ।

**मिथुन**:- अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**कर्कट** :- आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । सवारी साधनको खरिद बिक्री हुने योग छ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**सिंह**:- राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।

**कन्या** :- प्रेममा बाधाका साथै मन कमजोर रहला । घर परिवारमा झै–झमेलाको अवस्था आउला । कार्यमा अवरोध आउला । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**तुला** :- आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग पनि मिल्नेछ ।

**वृश्चिक** :- नोकरी तथा व्यवसायमा लाभ मिल्नेछ । आर्थिकस्तर माथि हुनेछ । रमाईलो यात्रा तथा मान सम्मान मिल्नेछ । अधुरो काम बन्न सक्छ ।

**धनु** :- आज इनाम र प्रतिष्ठा कमाउने बेलाछ । परिवारमा सुख सन्तोष छाउनेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने समय छ ।

**मकर**:- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्रेममा सफलता प्राप्त हुनेछ ।

**कुम्भ**:- रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । रोमाञ्चक यात्रा होला । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**मिन** :- आज मायाँ प्रेममा सामिप्यता बढ्नेछ भने घर परिवार तथा आफन्तबिचको सम्बन्धमा सुधार भएर जानेछ । शुभ समाचार पनि सुन्न पाईएला ।

# सप्तरीमा छतबाट खसेर २ वर्षिय बालकको मृत्यु

**सप्तरी ।** सप्तरीको डाकनेश्वरी नगरपालिका–१० मा मंगलवार साँझ घरको छतबाट खसेर एक बालकको मृत्यु भएको छ ।

बनौला टोलका खुशिलाल मण्डलको २ वर्षिय छोरा दिपक मण्डलको मृत्यु भएको हो । छतबाट लडेर उनी गम्भीर घाइते भएका थिए ।

घाइते बालकलाई उपचारका लागि राजविराजतर्फ ल्याउने क्रममा मृत्यु प्रहरीले जनाएको छ ।

# करेन्ट लागेर बालिकाको मृत्यु

**लहान ।** लहान नगरपालिका–१७ एकरतियाका १३ वर्षीया बालिकाको करेन्ट लागेर मृत्यु भएको छ ।

प्रहरीका अनुसार एकरतिया टोलका ब्रहमदेव चौधरीको छोरी १३ वर्षीया अनिषाको करेन्ट लागेर मंगलबार बेलुका मृत्यु भएको हो । कलबाट मोटर लगाई खेतमा पानी पठाउने क्रममा करेन्ट लागि उनको घटनास्थलमै मृत्यु भएको हो ।

घटना सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## प्रदेश २ ...

नसकेका सहरहरुलाई 'स्याटेलाईट' सिटीको रूपमा विकास गर्ने योजना प्रदेश सरकारको थियो । योजनाअन्तर्गत धनुषाको महेन्द्रनगर, महोत्तरीको जलेश्वर, सिरहाको गोलबजार, कल्याणपुर, पर्साको पोखरिया, परसौनी, बाराको सिम्रौनगढ र रौतहटका गौरसहित ६ वटा जिल्लाका ९ वटा सहरलाई समेटिएको थियो ।

तर अहिले योजना अलपत्र परेपछि मन्त्रीहरूले समेत चर्चा गर्न छोडेका छन् । यसका लागि प्रत्येक वर्ष २० देखि ३० लाख बजेटसमेत छुट्याइयो । तर उक्त रकम सहरको विकास भन्दा अध्ययनकै नाममा खर्च गरियो । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत गर्ने भनिएका यी योजना अध्ययनमै सीमित भएका छन् ।

तर, मन्त्रालयले भने बजेट र कर्मचारी अभावमा काम सुरू गर्न नसकिएको दाबी गर्दै आएको छ । भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले योजना अलपत्र पर्नुको प्रमुख कारण बजेट र कर्मचारी अभाव भएको दाबी गरे । 'प्रदेशलाई विकासोन्मुख बनाउने सपनासहित सय दिने कार्ययोजना अन्तर्गत स्मार्ट सिटी र सेटेलाइट सिटीको योजना ल्यायौं,' उनले भने, 'तर, बजेट र कर्मचारी अभावमा काम हुन सकेन ।'

तीन वर्षसम्म अध्ययनका नाममा लाखौं बजेट खर्च भए पनि निष्कर्ष के निकालियो भन्नेमा मन्त्रालय नै अनविज्ञ छ । 'हामीले छुट्याएको बजेट एकदमै थोरै भयो,' उनले भने, 'एउटा सिटी बनाउन दशौं अर्ब रूपैयाँको लगानी लाग्छ । हामीले मुस्किलले २०र३० लाख रूपैयाँ छुटयाउने गरेका छौं । जुन समुन्द्र भर्न लोटाले पानी हाल्ने भैं हो । तर हामी प्रयासरत छौं ।'

प्रदेशकै कुल बजेट ३० देखि ३५ अर्ब रूपैयाँ रहेको अवस्थामा स्मार्ट वा स्याटेलाइट सिटीको योजना ल्याउनु जनतालाई सपना देखाउने काम मात्रै भएको प्रदेश सभा सदस्य विदेश्वरप्रसाद यादवको भनाइ छ । प्रदेश सरकारले स्मार्ट वा स्याटेलाईट सिटी बनाउने सपना जनतालाई मुर्ख बनाउने राजनीति मात्र भएको उनको भनाइ छ ।

'एउटा स्मार्ट सिटी बनाउन कम्तिमा पनि १५ देखि २० अर्ब रूपैयाँ लाग्छ,' उनले भने, 'प्रदेशकै कुल बजेट ३० देखि ३५ अर्ब हुन्छ । सरकारले जनतालाई ठूलो सपना देखाएर सस्तो लोकप्रियता हासिल गर्न मात्र खाजेको हो ।'

अर्का प्रदेश सांसद रामचन्द्र मण्डल सस्तो लोकप्रियता कमाउन प्रदेश सरकारले क्षमताभन्दा बढीको सपना देखाएको बताउँछन् । अहिले बजेट र कर्मचारी अभाव देखाएर पन्छिन खोजेको उनको आरोप छ । 'स्मार्ट वा सेटेलाईट सिटी बनाउने सपना गलत कुरा होइन,' उनले भने, 'तर आफ्नो क्षमता पनि हेनुपर्‍यो । अर्बौ लागतका योजनाको सपना देखाउनु भनेको सस्तो लोकप्रियताका लागि जनतालाई मुर्ख बनाउनु बाहेक केही होइन ।'

## हरवा चरवा...

विकास समिति, विविध अन्तर्गत प्रदेश प्रहरी कार्यालयमा एक जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईको व्यवस्था गरिएको त छ तर उक्त ऐन अनुसार अहिलेसम्म कतिजनामाथि करबाहीको प्रकृया चलाइयो, प्रदेश अन्तर्गतका एक सय ३६ स्थानीय तहमध्ये कति स्थानीय तहमा स्थानीय अनुगमन गठन भए भन्ने केही सार्वजनिक गरिएको छैन । ऐन बनेको भएपनि आवश्यक नियमावली र कार्यविधि नबनेकाले कार्यान्वयनमा अन्यौलता कायम छ ।

देशभर सबैभन्दा धेरै गरिबी प्रदेश २ मा छ जहाँ २७ दशमलव ७ प्रतिशत अर्थात् १४ लाख ९६ हजार नौ सय ४८ नागरिक गरिबीको रेखामुनि छन् । प्रदेशमा १७ दशमलव २९ प्रतिशत अर्थात् नौ लाख ३४ हजार तीन सय ७७ बिपन्न दलितको बसोवास छ । प्रदेश सरकारले चालू आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन गरेको ३३ अर्ब ५६ करोड बजेटमध्ये दलित समुदायका लागि ११ करोड ९२ लाख ८८ हजार मात्रै छुट्याएको छ । उक्त बजेट मुख्यमन्त्री छात्रबृत्ति कार्यक्रम, दलित छात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रबृत्ति, मुख्यमन्त्री दलित/ गरिबका लागि सामूहिक आवासगृह निर्माण, दलित विद्यार्थीलाई बसाई तथा खानामा लाग्ने खर्च, दलित दलान निर्माण, दलित अधुरो भवन निर्माण, दलित धर्मशाला, दलित धर्मशाला, दलित विकास समिति स्थापना तथा संचालन, दलित छात्राबास निर्माण, प्रदेश प्रमुख दलित रोजगार कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।

**भूमि आयोग र हरवा चरवाको अपेक्षा**

भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, मुक्त कमैया, कमलरी, हरवा चरवा, हलिया, भूमिहीन, सुकुमबासी पहिचान गरी बसोबासका लागि घर र घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्था कार्यान्वयन गर्न भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ ख. को उपदफा (६) बमोजिम नेपाल सरकारबाट भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भएको हो । २०७६ चैत ९ गते गठन गरी राजपत्रमा २०७७ वैसाख १ गते सूचना प्रकाशन भएको भूमि आयोगले विधिवत् रूपमा काम थालेको भने २०७७ वैसाख ४ गतेदेखि हो ।

आयोगले काम थालिसकेको सन्दर्भमा विशेषगरी दलित भूमिहीन, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोवासीमा पर्ने बहुसंख्या दलित समुदायका हरवा चरवा पनि उत्साहित छन् तर जग्गा प्राप्तिका लागि नेपाली नागरिकता अनिवार्य गरिएकाले फेरि जग्गा प्राप्तिबाट बञ्चित हुनु पर्ने हो कि भन्ने चिन्ता समेत थपिएको छ, उनीहरूमा । त्यसका लागि आयोगले निर्धारण गरेको तहगत जिम्मेबारी अन्तर्गत जिल्ला समिति, स्थानीय प्रदेश सरकार, संघीय सरकारले जिम्मेबारी पूर्वक काम गरिदिने हो भने यो आयोगले हरवा चरवाका लागि मुक्तिको ढोका खोलिदिन सक्छ । भूमिहीनतासँग समेत जोडिएको आर्थिक पराधीनताकै कारणले हरवा चरवा बस्न बाध्य उनीहरूका लागि आयोगले आफ्नो कार्यादेश अनुसार जग्गा पाउँदासम्म आधाभन्दा बढी समस्या त त्यतिकै पनि हल हुन सक्छ । तर नागरिकताविहीन हरवा चरवालाई जग्गा प्राप्तिको अवसरबाट बञ्चितीकरणका पर्न नदिन नागरिकताका लागि गृह

*बाँकी ४ पेजमा*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# कांग्रेसको महाधिवेशन भदौ दोस्रो साता गर्ने प्रस्ताव



नेपाली कांग्रेसको १४औं महाधिवेशन आगामी भदौ दोस्रो साता गर्ने प्रस्ताव केन्द्रीय कार्यसमितिमा पेश भएको छ । यद्यपि यो मितिमा १०र१५ दिन तलमाथि हुनसक्ने नेताहरूले बताएका छन् ।

पाँच वर्षमा पनि महाधिवेशन गर्न नसकेपछि कांग्रेसले संविधानअनुसार ६ महिना म्याद थपका लागि केन्द्रीय कमिटी बैठक बोलाएको छ । पार्टी कार्यालय सानेपामा बसेको बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले विधानको धारा ४३ मा ६ महिना म्याद थपको व्यवस्था राख्ने प्रस्ताव गरे ।

साथै भदौ ७-१० गतेसम्म महाधिवेशन गर्ने गरी नर्या कार्यतालिका समेत बैठकमा पेश गरेका छन् । प्रस्तावित कार्यतालिकाअनुसार जेठ मसान्तभित्र क्रियाशील सदस्यताबारे परेको उजुरी छानविन गरेर अन्तिम निर्णय गर्ने र सभापतिलाई अन्तिम सूचि बुझाइने छ भने २० असारबाट निर्वाचन सुरू हुनेछ ।

# जनकपुरमा खुल्यो मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यालय








**जनकपुरधाम** : प्रदेश २ सरकारले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यालय संचालनमा ल्याएको छ ।

जनकपुरस्थित प्रादेशिक अस्पताल परिसरमै मुख्यमन्त्री लालबाबु राउत र सामाजिक विकास मन्त्री नवलकिशोर साहले कार्यालय उद्घाटन गरे । मुख्मयन्त्री राउतले जनकपुरमै सबै रोगको उपचार गराउने प्रदेश २ का जनताको वर्षौदेखिको चाहना अब पुरा हुने बताए । उनले प्रतिष्ठानका लागि प्रदेश सरकार जस्तोसुकै सहयोग गर्न तयार रहेको विश्वास दिलाए । उनले प्रतिष्ठान प्रदेशकै गौरबको योजना रहेको बताए ।

सामाजिक विकास मन्त्री नवलकिशोर साहले पहिले यहाँ सबै रोगको उपचार र सबै तहको पढाई हुने उदेश्यले प्रतिष्ठान गठन गरेको बताए ।

उनले अब प्रदेश २ का जनताले जुनसुकै रोगको उपचार गराउन पनि बाहिर जानु नपर्ने विश्वास व्यक्त गरे ।

## हरवा चरवा...

प्रशासनसँग पनि समन्वय गर्न जरूरी देखिन्छ । नागरिकता भएका हरवा चरवालाई जग्गा दिंदा पनि उनीहरूमाथिको ऋण खारेज नगरी जग्गा दिंदा ऋणवापत् पुनः गिरहतले लिन सक्ने जोखिम भएकाले ऋण खारेजीसहित मुक्तिको घोषणा पहिलो शर्त बन्नुपर्छ ।

**चुनौतीहरू**

♦ सामुदायिक समूह, समितिहरूमा न्यून सहभागिता ( दलित बस्तीको समूह बाहेक) ।

♦गाउँ ब्लक, ऐलानी, गिरहतको निजी जग्गामा झुपडी बनाएर बसोवास गर्दै आएका हरूवा चरूवाहरूले शरीरले थेगुञ्जेल जमिन जोत्नु पर्ने भएपनि जमिनमा तिनको स्वामित्व नरहनु ।

♦स्थानीय, प्रदेश र संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रममा परेपनि त्यसअनुसार बजेट विनियोजन नहुनु वा सरकारी उपेक्षा ।

♦सरोकारवाला, राजनीतिक दलहरूले राजनीतिक एजेण्डा नबनाउनु ।

♦जनता आवास कार्यक्रम अन्तर्गत बिपन्न दलित र मुस्लिमलाई लक्षित लाभग्राही बनाएको भएपनि त्यही समुदायका हरवा चरवाहरू कार्यक्रममा नपर्नु ।

♦पुर्ख्यौली ऋणवापत् खटिनु पर्ने भएकाले पुस्तौं पुस्तासम्म ऋणीकै रूपमा रहनु

♦जातीय छुवाछूत र भेद्भाव ।

♦राजनीतिक दलका स्थानीय अगुवाहरू हरवा चरवाको बारेमा औपचारिक कार्यक्रमहरूमा कुरा गरेपनि हरवा चरवा सम्बन्धी सामाजिक, आर्थिक शोषणका सवालहरूमा मौन रहनु ।

**अब गरिनु पर्ने काम**

♦हरवा चरवाका नाममा भएको अनुचित ऋणको खारेजीसहित मुक्तिको घोषणा र पुन:स्थापना ।

♦पुन:स्थापना गर्दा गठन गरिने संरचानामा मुक्त हरवा चरवाको अर्थपूर्ण सहभागिता ।

♦ त्यसअघि तथ्यपरक तथ्यांक संकलन, प्रमाणीकरण, वर्गीकरण र परिचय पत्र वितरण सम्बन्धी कार्यविधि वा निर्देशिका जारी, त्यसका लागि स्थानीय सरकारलाई जिम्मेबार बनाइनु पर्ने ।

♦सरकारको वार्षिक नीति तथा कार्यक्रममार्फत् नै हरवा चरवाका लागि विशेष कार्यक्रम घोषणा र बजेटको व्यवस्थापन ।

♦बाध्यकारी श्रम निषेध व्यवहारमै कार्यान्वयन ।

♦हरवा चरवाको बसोवास रहेको जग्गा स्थानीय सर्जमिन मुचुल्काको आधारमा उनीहरूकै नाममा जग्गा दर्ता गर्ने प्रक्रियाको थालनी ।

♦रोजगारीका लागि सीपमूलक आवधिक तालिमको व्यवस्थासहित विशेष कार्यक्रम संचालन ।

♦हरवा चरवा परिवारका बालबालिकाको शिक्षाको लागि विशेष व्यवस्था ।

♦ हरवा चरवाका स्वयम्ले आयमूलक उद्यम गर्न चाहे बिना ब्याज र धितोमा आर्थिक सहयोग सम्बन्धी व्यवस्था ।

**निष्कर्ष**

आफ्नै स्वामित्वको जग्गा नहुँदा हरवा चरवा बसिरहेका तिनका लागि जमिन प्राप्ति नै मुक्तिको पहिलो खुड्किलो हुन सक्छ तर त्यसका लागि अनुचित ऋण खारेजी हुनुपर्छ । त्यसका साथै, सामान्य घरायसी कामकाजका लागि साहु गिरहतसँग लिएको थोरैतिनो ऋणको साँवा ब्याजवापत् हलो जोत्दाजोत्दै बस्तुभाउ चराउँदा चराउँदै पुस्तौं पुस्ता गुजार्ने हरवा चरवा आफ्नो भूगालभित्र कति छन्, कस्तो अवस्थामा छन् भन्ने यकिन पहिचान विवरण स्थानीय सरकारले, प्रदेश २ सरकारले हरवा चरवाको मुक्तिको घोषणा गरी पुन:स्थापनाका लागि विशेष कार्यक्रम ल्याए प्रदेश सरकारका लागि पनि महत्वपूर्ण अवसर छ ।

त्यसो हुँदा स्वरूप फेरिएर आधुनिक युगमा सामन्ती युगको दास प्रथाको अवशेषको रूपमा रहेको हरवा चरवा प्रथाबाट पीडित हरवा चरवाहरूले मुक्तिको सास फेर्ने वातावरण बन्न सक्छ । त्यसका लागि राजनीतिक दल, नागरिक समाज, सरोकारवालाहरू सबैको पहलकदमी र भूमिका भने जरूरी हुन्छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)